**MEDHA Vol. VIII(I), 2025, ISSN: 2382-5146**

# तिउरीको फूल, पायरियाको गन्ध कथामा शरीर राजनीति

ईश्वरी पाण्डे, नेपाली शिक्षक

Email:ishworisilwalpandey@gmail.com

## लेखसार

प्रस्तुत लेख पारिजातको तिउरीको फूल पायरियाको गन्ध कथामा शरीर राजनीतिको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ । यस लेखमा पुस्तकालयीय पद्धतिबाट सामग्री सङ्कलन गरी शरीर राजनीति सम्बन्धित प्राज्ञिक जिज्ञासाको समाधान गर्ने प्रयास गरिएको छ । शरीर राजनीति लैङ्गिक अवधारणा अन्तरगतको शरीर केन्द्रित व्यवहार हो । यो जन्मजात विशेषता नभई सामाजिक र मानवीय व्यवहारको उपज भएकोले यो व्यक्तिगत स्वतन्त्रतासँग सम्बन्धित हुन्छ। विशेष गरी शक्ति संरचनाको आधारमा सीमान्त शरीरलाई शारीरिक सुन्दरता, बनावट, लिङ्ग, जात, छालाको रङ आदिका आधारमा नियन्त्रण गरी उनीहरूमाथि विभेदपूर्ण व्यवहार गर्नु शरीर राजनीति हो । शरीर राजनीतिलाई मिसेल फुकोल्टले सत्ता र शक्ति संरचनाको आधार मानेका छन् भने जुडिथ बटलरले महिलाको शरीरमाथि हुने सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक नियत्रणलाई मानेकी छन् । पितृसत्तात्मक पुरुषप्रधान समाजमा महिलालाई विभन्न बहानामा शारीरिक शोषण, दमन, हिंसा गरी अधीनस्थ र कमजोर बनाई उनीहरूलाई नियन्त्रण गरी भोग्य वस्तुका रूपमा सम्झने संस्कारले शरीर राजनीतिलाई बलियो बनाएको छ । शरीर राजनीतिले महिला शरीर मात्र नभई पुरुष शरीरमाथि हुने राजनीतिको पनि अध्ययन गर्दछ तर यस लेखमा महिला शरीरमाथि भएको भोगवादी शरीर राजनीति, पितृसत्ता र लैङ्गिकताका आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस लेखमा शरीर राजनीतिलाई सैद्धान्तिक पर्याधार बनाएर गुणात्मक ढाँचा अबलम्बन गरी उक्त कथामा प्रयुक्त पुरुषपात्रहरूले अबोध लाटी युवतीप्रति गरेका विचार र व्यवहारमाई विश्लेषण र मूल्याङ्कन गरी शरीर राजनीतिको कोणबाट केलाउने प्रयास गरिएको छ । यस कथाकी मुख्य नारी पात्र लाटी हो । सडक पेटी, गल्ली, मन्दिरको छेउछाउमा खुल्ला आकाशमुनी रात बिताउन बाध्य लाटीको बैंस कुट्न कल्पिएका र पल्किएका ‘म’ पात्र, रिक्सावाल, टुरिस्ट गइड, प्रहरीजस्ता सचेत पुरुष पात्रहरूको यौनजन्य मानसिकतालाई यहाँ शरीर राजनीतिको रूपमा विश्लेषण गरिएको छ । जसका आधआरमा नारीहरू पुरुषका यौन सन्तुष्टिका साधक र पुरुषको उपभोगीय वस्तु रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी:* प्रभुत्वशाली, सीमान्तकृत, राजनीति, पितृसत्ता, वस्तुकरण

Article's information : Manuscript received : 2025/04/15, Date of review : 2025/07/30, Date of manuscript acceptance 2025/08/25 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v8i1.85085
Homepage : https://www.nepjol.info/index.php/medha Copy right (c) 2025 @ Medha Journal. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय पारिजातको तिउरीको फूल पायरियाको गन्ध कथामा अभिव्यञ्जित शरीर राजनितिको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ । शरीर राजनीति सांस्कृतिक अध्ययनको लैङ्गिक अवधारणाअन्तगर्त अध्ययन गरिने विषय हो । खास गरी मानव शरीरलाई जैविक संरचनाले नभै समाजमा प्रभुत्वशाली वर्गले शारीरिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिकजस्ता विविध पक्षमा कमी कमजोरी देखाएर उनीहरूमाथि चरम शोषण गरी दबावपूर्ण तरिकाले अधिकार जमाउन खोज्नु नै शरीर राजनीति हो । प्रस्तुत तिउरीको फूल पायरियाको गन्ध कथामा सांस्कृतिक अध्ययनको शरीर राजनीति सिद्धान्तलाई आधार मानेर भोगवादी शरीर राजनीति, पितृसत्ता र लैङ्गिक अध्ययनका आधारमा मानव शरीरलाई विश्लेषण गरिएको छ । यस कथामा काठमाडौँको सडकमा व्यवारिसे रहेकी एउटी लाटी युवतीप्रति त्यस सहरका पुरुषहरूले भोगविलासीको साधन बनाएको प्रसङ्गलाई शरीर राजनीतिको कोणबाट देखाइएको छ । हालसम्म यस कथालाई विविध पाटोबाट विश्लेषण गरिए तापनि शरीर राजनीतिको दृष्टिकोणबाट कुनै पनि अध्ययन नभएको हुँदा सोही रिक्तता परिपूर्ति गर्न यस कथालाई शरीर राजनीतिको कोणबाट विश्लेषण गरिएको छ । यस कथामा शरीर राजनीतिको के कसरी प्रयोग गरिएको छ ? भनी खोजि गर्नु यस अनुसन्धानको मुख्य समस्या हो भने तिउरीको फूल पायरियाको गन्ध कथामा शरीर राजनीतिको आधारमा विश्लेषण गर्नु यस अनुसन्धानको उद्देश्य हो । यस कथालाई भोगवादी शरीर, पितृसत्ता र लैङ्गिक अध्ययनको आधारमा विश्लेषण गरेर समाजमा नारी अस्मिताको बोध गराउनु यस अध्ययनको औचित्य रहेको छ ।

पूर्वकार्यको समीक्षालाई अध्ययन गर्दा तिउरीको फूल पायरियाको गन्ध कथामा शरीर राजनीतिको विषयलाई सम्बोधन हुने गरी कुनै पनि अनुसन्धान भएको पाइएन । बाबुराम आचार्य ( २०८० ) ले तिउरीको फूल पायरियाको गन्ध कथामा समानान्तरता र विचलनको प्रयोगद्वारा मान्छेले कुरूप देखेको वस्तुलाई पनि यौन भावनाले हेऱ्यो भने सुन्दर देख्छ भन्ने मूल मर्मलाई कलात्मक प्रस्तुति दिए पनि शरीर राजनीतिको अभिव्यक्ति दिएका छैनन् । उनको उक्त लेखका आधारमा यस अनुसन्धनमा शरीर राजनीतिको अध्ययनमा नारीलाई हेर्ने मानिसको विभिन्न दृस्टिकोणको बारेमा बुझ्न सहज हुन्छ । उमादेवी (२०८१) ले यस कथामा वर्गीय तथा लैङ्गिक सीमान्तकृत समुदायप्रति प्रभुत्वशाली वर्गको व्यवहारलाई केलाएकी छन् । घरबारबिहीन नारी मात्र नभएर घरभित्रका नारी पनि पुरुषको भोगविलासको साधन बन्न बाध्य भएका र सुरक्षका लागि खटिएका पुलिसबाट समेत बलात्कृत हुनुले राज्यबाट समेत नारीहरू असुरक्षित रहेको तथ्यलाई विश्लेषण गरेता पनि शरीर राजनीति कोणबाट अध्ययन नगरेकी हुनाले उनको यस तथ्यलाई प्रस्तुत लेखमा भोगवादी शरीर राजनीतिको आधारलाई पुष्टि गर्न सहज हुन्छ । भगवती सपकोटा ( २०७६) ले तिउरीको फूललाई नारीको जवानीसँग तुलना गर्दै उक्त लेखमा कथाकी केन्द्रीय नारी पात्र लाटीको दाँतमा पायरिया लागेको र हरिया ओठ भए पनि व्यक्तिगत स्वतन्त्रताको नाममा उसको यौन शोषण गर्न एकान्त मौका छोपी लाटी कै वरपर झुम्मिएका अड्डामा काम गर्ने कथाका समाख्याता, पुलिस, रिक्सावाल, टुरिस्ट गाइड र ठिटाले गरेको दुर्व्यवहारलाई औँल्याएकी छन् । यिनै तथ्यलाई प्रस्तुत लेखमा शरीर राजनीतिको कोणबाट विश्लेषण गर्न उपयोगी हुन्छ । पुण्यप्रसाद गुरागाईं (२०८१) ले परम्परागत पितृसत्ताले गाँजेको आर्य समाजमा

नारीहरू लोग्नेलाई पनि परमेश्वर मानी राति अबरसम्म लोग्ने घर नआउन्जेल खाना नखाई पर्खेर बस्ने संस्कारलाई देखाएका छन् । कथाकी एउटी बेसाहारा लाटी युवतीप्रति कुदृष्टि लगाउने पुरुषको हर्कतलाई प्रजातीय कोणले विश्लेषण गरेका छन् उनको यो अध्ययन प्रस्तुत लेखमा शरीर राजनीतिको दृष्टिले व्याख्या गर्न उपयोगी हुन्छ । यसरी हेर्दा तिउरीको फूल पायरियाको गन्ध कथालाई विभिन्न कोणबाट विश्लेषण गरेको पाइयो तर शरीर राजनीतिको दृष्टिले कुनै पनि अध्ययन नभएकोले सोध्य विषयको यसै रिक्ततालाई सम्बोधन गर्न प्रस्तुत लेखको आवश्यकता बोध गरिएको छ ।

पितृसत्तात्मक सोचाइले माहिला शरीरमाथि तोकिएको सौन्दर्य मानक, यौनिकता, पहिरन, शारीरिक बनावट आदि शरीर राजनीतिका प्रमुख पक्ष हुन् । प्रस्तुत लेखमा पारिजात तिउरीको फूल पायरियाको गन्ध कथालाई शरीर राजनीतिको कोणबाट विश्लेषण गरी मूल्याङ्कन गरिएको छ । नेपाली साहित्य जगतमा अस्तित्ववादी, विसङ्गतिवादी चेत भएकी पारिजातमा परम्परागत विसङ्गतिपूर्ण सामाजिक व्यवस्थामा परिवर्तन आउनुपर्छ भन्ने प्रगतिवादी दृष्टिकोण रहेको पाइन्छ । पारिजात (१९९४–२०५०) को वास्तविक नाम विष्णुकुमारी वाइबा हो । कथा, उपन्यास, आत्मसंस्मरण जस्ता विविध विधामा कलम चलाएकी पारिजातले वि.सं. २०२१ मा मैले नजन्माएको छोरो कथाबाट साहित्यक क्षेत्रमा प्रवेश गरेकी हुन् । आफू बाँचेको युग, काल र सामाजिक मूल्य मान्यताप्रति असन्तुष्ट रहेकी पारिजातले त्यस समाजप्रति आक्रोश र विद्रोह व्यक्त गरेकी छन् । पारिजातका कथासङ्ग्रहहरू मध्ये आदिम देश (२०२५) कथासङ्ग्रहमा ‘तिउरीको फूल पायरियाको गन्ध’ कथा सङ्कलित रहेको छ । यस लेखमा शरीर राजनीतिसँग सम्बन्धित तथ्यहरू पहिचान गरी वर्णनात्मक, व्याख्यात्मक र तुलनात्मक विधिबाट भोगवादी शरीर राजनीति, पितृसत्ता, लैङ्गिकताका आधारमा तिउरीको फूल पायरियाको गन्ध कथालाई शरीर राजनीतिको कोणबाट विश्लेषण गरी मूल्याङ्कन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमा पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । पारिजातद्वारा लिखित तिउरीको फूल पायरियाको गन्ध कथा यस अध्ययनको प्राथमिक सामग्री हो । त्यस कथासँग सम्बन्धित पूर्व अध्ययन एवं विभिन्न प्रकाशित पुस्तक, पत्रिका, लेख र सैद्धान्तिक सामग्री द्वितीय सामग्री हुन् । तिनलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक ढाँचा शरीर राजनीतिसँग सम्बद्ध सिद्धान्तमा आधारित छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी तिउरीको फूल पायरियाको गन्ध कथामा अन्तर्निहित शरीर राजनीतिसम्बद्ध परिघटनाहरूलाई भोगवादी शरीर राजनीति, पितृसत्ता, लैङ्गिकताका आधारमा मूल्याङ्कन गरी गुणात्मक पद्धतिमा आगमन विधिबाट विश्लेषण गरी निष्कर्षलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेख लैङ्गिक अध्ययनअन्तर्गत फुकोको शरीर राजनीतिसम्बन्धी सैद्धान्तिक मान्यतामा आधारित छ । रेमण्ड विलियमसबाट सुरु भएको सांस्कृतिक अध्ययनको एक पक्षको रूपमा शरीर राजनीतिलाई पनि लिने गरिन्छ । सत्ता र शक्तिको आडमा प्रभुत्वशाली वर्गले कसैको शरीरमाथि नियन्त्रण गर्नु शरीर राजनीति हो । शरीरको शोषण, दमन, हिंसा, अधीनस्थताका कारण शरीर

राजनीतिको जन्म भएको हो । विभिन्न कोणमा कमजोरी देखाएर समाजमा दमित वर्गका शरीर कसरी नियन्त्रित छ भन्ने विषयलाई शरीर राजनीतिले अध्ययन गर्दछ । मानवीय शरीरलाई सौन्दर्य, लिङ्ग, उमेर, रङ्ग, वर्ग आदिका आधारमा मूल्याङ्कन गरी प्रभुत्वशाली वर्गको उपभोगको विषय नबनाई स्वतन्त्र रहन दिनुपर्छ भन्दै १९७० को दशकदेखि नारीवादी लेखनको सुरुवात भएको थियो । आफ्नो शरीर अरू कसैको नियन्त्रणमा रहनु हुँदैन भन्ने चिन्तन स्वरूप नारीवादी आवाजको उठान भएको हो । यिनै नारीवादी सिद्धान्तहरूमा आधारित भएर साहित्य समालोचना गरिने परिपाटीको विकास भएको छ । प्रस्तुत लेखमा यिनै विषयमा केन्द्रीत रहेर विभिन्न अध्यताहरूको अनुसन्धानात्मक लेखहरूलाई सैद्धान्तिक पर्याधारका निम्ति लिइएको छ । शरीर राजनीतिका प्रथम अध्येता मिसेल फुकोले शरीर शक्ति संरचनाको प्रयोगस्थल हो जसलाई राज्य, धर्म र समाजले नियन्त्रण गर्छ । शरीर राजनीतिमा मानव शरीरसँग सम्बन्धित राज्य, सामाज, धर्म, सांस्कृतिक, लिङ्ग, जात आदिले शरीरलाई कसरी नियन्त्रण गर्छ भन्ने सम्बन्धमा विमर्श गर्दछ (फुको, सन् १९७५,पृ. २६) । वर्चश्वशाली वर्गको कुरा गर्दै रमेश भट्टराईले महिलामाथि दमनको प्रमुख कारण पितृसता हो, यसैको आडमा समाजमा पुरुषले महिलाको शारीरिक, मानसिक र श्रमको शोषण गरेको छ । लैङ्गिक दमन र शोषण दुवै राजनीतिक र आर्थिक अवधारणा हो । यस्तो दमन र शोषण वर्चश्वशाली वर्गले अर्का अधीनस्थ वर्गमाथि गर्दछ । यस्ता दमनकारी समूह केन्द्रमा रही उत्पीडित समूहलाई नियन्त्रण गरेको हुन्छ । जुन समाजमा जसका पक्षमा विचारधाराको निर्माण भएको छ त्यही आधारमा महिला र अल्पसङ्ख्याक यौनिक समूहमाथि पनि दमन हुने गर्दछ (भट्टराई, २०७७, पृ.१३६) । यसरी पितृसतात्मक वर्चश्वशाली वर्गका कारण महिलाहरू शोषित र दलित भएका छन् भनेका छन् । शरीर राजनीति भनेको परम्परागत लैङ्गिक अवधारणाको प्रतिरोधी चिन्तन हो ।

पितृसताले स्थापित गरेको नारीमाथि पुरुषको वर्चस्वको अन्त्य गर्ने आन्दोलनको रूपमा पनि शरीर राजनीतिलाई लिइएको पाइन्छ । नारीको यौन चाहाना, समाज र सांस्कृतिक बुझाइ र विपरीत लिङ्गीप्रतिको आकर्षण पनि पितृसता कै आधारमा तय हुन्छ । नारीको सक्षम मानव शरीर पनि सांस्कृतिक कारण शरीर राजनीतिको प्रभावले कोमल र मुलायम मासुको रूपमा चित्रण गरेको पाइन्छ (एटम, २०७८ पृ.५४) । यसरी हेर्दा शारीरिक संरचनाकै आधारमा र आफ्नो यौन चाहाना परिपूर्ति गर्ने साधनका रूपमा पुरुषले महिलामाथि नियन्त्रण गर्न चाहेको पुष्टि हुन्छ । यसरी नेत्र एटमले पुरुषको वर्चस्वको अन्त्य गर्ने आन्दोलनको रूपमाशरीर राजनीतिको सुरु भएको हो भनेका छन् । नारीवादको चर्चा गर्दै अम्बिका अर्याल भन्छिन् नारीवाद नारीहितलाई केन्द्रमा राखेर नारीमै जागृत चेतनाको सैद्धान्तिकीकरण हो । सामाजिक एवम् राजनीतिक क्षेत्रबाट जागृत नारीचेतनाले समयक्रमसँगै सैद्धान्तिक रूप धारणा गऱ्यो र नारीवादको जन्म भयो । नारीमा आएको चेतनालाई द्योतन गर्न नारीवादी प्रवृतिसँग सम्बन्धित नारीजागरण, लैङ्गिक अध्ययन, लैङ्गिकता र यौनिकता, नारीवादी सिद्धान्त, नारीवादी नीतिशास्त्र, नारीवादी चेतना, नारीत्व आदि मान्यताका बारेमा स्पष्ट हुनु जरुरी छ (अर्याल, २०७९ पृ.१) । समाजमा पुरुषको तुलनामा नारीको स्थान पश्चगामी हुनका कारण भनेको महिला चेतनाको कमी हो । त्यसैले समाज परिवर्तनका लागि र महिलामाथि हुने गरेको विभिन्न हिंसा, शोषण, दमन, जस्ता विषयमा महिलाको शरीरमाथि रजनीति हुने गर्दछ यसको अन्त्यको लागि महिला जागरण आउन आवश्यक रहेको कुरा उनले उल्लेख गरेकी छन् । नारीलाई जैविक दृष्टिले यौनसँग जोडेर प्रयोगको साधनका रूपमा

हेर्ने नजर सामाजिक विकासका हुनुहुँदैन । पितृसताले पुरुषलाई शक्तिको दर्जा दिँदै नारी शरीरमाथि राजनीतिक गरेको हुन्छ । पितृसतात्मक समाजमा महिला शरीरको प्रयोग बढी र पुरुषमा कमी देखिन्छ (गर्तौला, २०७५, पृ.६३) । यसरी पितृसत्तात्मक समाजिक, सांस्कृतिक विचारधाराले नारीमाथि राजनीति गरिरहेको हुँदा यसको अन्त्य हुनुपर्छ भन्दै सोमप्रसादले नारी हिंसाको बिरोध गरेका छन् ।

समाजले तोकेको कार्य भूमिकाका आधारमा महिला र पुरुषलाई लैङ्गिकता भनिन्छ । जैविक भिन्नताबाट सुरु भएको महिला र पुरुषको परिचयलाई समाजकै संस्कृतिक मान्यताले नितान्त अलग अलग भूमिकामा लगेर उभ्याइदिन्छ । सामाजिक संसार, मान्यता र जीवनशैलीका कारणले विश्वका भिन्न भिन्न समाजका महिला र पुरुषको लैङ्गिक भूमिका फरक फरक रहेको हुन्छ । संस्कार र परम्पराका नाउँमा तोकिएका यस्ता भूमिकाहरू संसारका धेरैजसो समाजमा महिला हितका विपरीत देखिन्छन् (ढकाल, २०७०, पृ.३२७) । अम्बिका अर्यालका अनुसार 'पुरुषत्व' ले पुरुषहरु कठोर, बलवान, अमतावन, नेतृत्वकर्ता, स्वतन्त्र, निडर, आत्मनिर्भर, पालनकर्ता, सञ्चालक, सुरकाकर्मी, क्रोधी हिंस्रक आदि गुणयुक्त हुने मान्यता राख्छ तर यमको विपरीत प्रयोग 'नारीत्व' शब्दले नारीहरू कोमल कमजोर क्षमताहीन नेतृत्व गर्न नसक्ने अधीनस्थ कायर परनिर्भर पालित हुने सन्दर्भलाई द्योतन गर्छ (अर्याल, २०७९, पृ.८) । पितृसत्तात्मक समाजमा पुरुषको शक्ति केन्द्रमा हुन्छ र लैङ्गिक हिसाबले महिलाहरू सीमान्तकृत हुन्छन् । सामाजिक सांस्कृतिक संरचनामा पुरुष शक्तिशाली हुँदा नारीहरू हक अधिकारविहीन र दमित हुन्छन् (ढकाल, २०७०, पृ.२०१) । सदियौँदेखिको पितृसत्तात्मक समाजमा नारीहरूलाई निरीह बनाएर दमन, शोषण हत्या हिंसा र बलत्कार गर्ने प्रवृत्तिहरू अझैसम्म यथावत छ नारीहरूलाई शरणार्थी बनाएर घर नामको झ्यालखानभित्र थुनी शोषण र दमन गर्ने प्रवृत्तिका विरुद्धमा सबै नारीहरू एकताबद्ध भएर लाग्नुपर्छ (मरहट्टा, २०७९, पृ.१०७) । अरूको शोषणबाट मुक्त भई आफ्नो शरीरमाथि आफ्नो अधिकारलाई स्थापित गर्ने विषयलाई शरीर राजनीतिले बुझाउँछ (पौड्याल, २०७९, पृ.२०३) । समाजमा प्रभुत्वशाली वर्गले शारीरिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिकजस्ता विविध पक्षमा कमी कमजोरी देखाएर उनीहरूमाथि चरम शोषण गरी दबावपूर्ण तरिकाले अधिकार जमाउन खोज्नु नै शरीर राजनीति हो ।शरीर राजनीतिमा मानिसको जैविक शरीरको मात्र अध्ययन नगरी सांस्कृतिक, सामाजिक पक्षले शरीरलाई पारेको प्रभावको अध्ययन गरिन्छ । महिला वा पुरुषको आफ्नो शरीरमाथि अरूको नियन्त्रण हुनुहुँदैन ( खनाल, २०८१, पृ. ७० ) । यसरी शरीर राजनीतिले जन्मजात लिङ्गको मात्र नभै समाजसँग सम्बन्धित अन्य तत्त्वले पारेको प्रभावको बारेमा पनि अध्ययन गर्दछ ।

## परिणाम र विमर्श

पारिजातको 'तिउरीको फूल पायरियाको गन्ध' कथामा भर्खर यौवन अवस्थामा प्रवेश गरेकी एउटी युवती छ । अर्थिक, सामाजिक र मानसिक अवस्थाले गर्दा उसले आफ्नै यौवलाई चिनेकी छैन । चरम गरिबी र पितृसत्तात्मक सामाजिक सांस्कृतिक अवस्थाले पिल्सिएर ऊ उज्यालो छँदा कि त अर्को घरको जुठो भाँडा माझ्ने, कि दिनभर यसोउसो गल्लीमा घुम्ने र रात परेपछि कहिले खुल्ला आकाशमुनि, कहिले मन्दिरका भऱ्याङ नजिक त, कहिले बारापसलको छाप्रो वरिपरि व्यवारिसे जीवन व्यतीत गरिरहेकी छ । त्यस लाटी युवतीप्रति समाजका सचेत पुरुषहरूले उसको लाटोपनको फाइदा उठाउँदै यौनशोषण गरिरहेका छन् । आफूमाथि भएको यौनदुर्व्यवहार सहन नसकी आफ्नो नारी अस्तित्व रक्षाको

प्रतिकार स्वरूप ऊ रोएकी छ, चिच्याएकी छ तर पितृसत्ताले गाँजिएको त्यस पुरुष समाज लाटीप्रति यौन शोषण भइरहेको छ भन्ने बोध हुँदाहुँदै पनि मौन रहेको छ । यस कथाका 'म' पात्र अड्डामा कार्यरत एक सचेत पुरुष पात्र हो । तिनै 'म' पात्रमार्फत एउटी अधीनस्थ लाटी युवतीउपर सचेत प्रभुत्वशाली पुरुषहरू ठिटो, रिक्सावाल, प्रहरी र स्वयम् 'म' पात्रद्वारा मौका हेरी यौन दुर्व्यवहार गरेका घटनाहरू एकलापीयशैलीमा अभिव्यक्त भएको छ । प्रस्तुत लेखमा 'तिउरीको फूल पायरियाको गन्ध' कथालाई सुक्ष्म पठन गरी शरीर राजनीतिसँग सम्बन्धित भोगवादी शरीर राजनीति, पितृसत्ता र लैङ्गिकताका आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

**भोगवादी शरीर राजनीति**

नारीको शरीरमाथि गरिने यौनजन्य व्यवहारलाई भोगवादी शरीर राजनीतिमा अध्ययन गरिन्छ । नारीलाई पुरुषको भोगविलासीका साधन बनाएर यिनीहरूको शरीरमाथि नियन्त्रण र दमन गर्ने काम भोगवादी शरीरले गर्दछ । पितृसत्तात्मक समाजमा नारी शरीरमाथि धार्मिक, सांस्कृति राजनैतिक दबाब दिएर आफ्नो वर्चस्व देखाएर यौनहिंसा गरेको हुन्छ । प्रस्तुत तिउरीको फूल पारिजातको गन्ध कथामा पुलिस, ठिटो, रिक्सावाला र 'म' पात्रले एउटी व्यवारिसे अवस्थामा फ्याँकिएकी लाटी युवतीप्रति गरेको यौन दुर्व्यवहारलाई प्रस्तुत गरिएको छ । कथाको केन्द्रिय पात्र समाख्याता 'म' पात्र हो । अड्डामा काम गर्ने ऊ सचेत पात्र हो । लाटी युवतीप्रति 'म' पात्रमा दमित यौनेच्छाको भाव कथामा यसरी अभिव्यक्ति भएको छ :

> ऊ लाटी उसको गीत लाटो, बैँस लाटो सायद मासु पनि लाटो । मलाई यस्तो लाग्छ, तर कहाँसम्म ऊ लाटी छ मैले उसलाई छोएर हेरेको छैन । यस मोडले उसको गीत नसुनी हुँदैन र मलाई यहाँ नअलमलिई हुँदैन । म अलमलिन्छु, गति नरोकेरै केवल अलमलिन्छु । आज पनि यी शब्दीहन, अर्थहीन गीत सुन्दै घरअघि पुग्छु । सडकको पल्लो छेउमा एउटा ठिटो गइरहेको छ मन्दिरतिर र विपरीत म घर फर्किरहेछु । ( पृ .१८२)

प्रस्तुत कथांशमा 'म' पात्र अफिसबाट घर फर्कदै गर्दा सडक छेउमा देख्ने गरेको लाटी युवतीप्रति कुदृष्टि जागृत भएको कुरा प्रस्ट हुन्छ । लाटी पारिवारिक, सामाजिक, आर्थिक अस्वस्थका कारण घरबार बिहिन बनेकी छे । भर्खर बैंस चढेकी लाटीलाई बेथिति र विसङ्गतिले उसको बैंसालु शरीरलाई पनि लाटो बनाएको छ । उसको बैंस गल्लीका कुनामा फ्याकिएको फोहोरझैँ खुल्ला आकाशमुनि कहिले सडकका पेटीमा त कहिले मन्दिरका छेउछाउमा फ्याँकिएको छ । ऊ बेहोसीमै आफ्नो लाटो जीवनले भोगेका कष्टका गीतहरू गाउँछे । तर मरेका सिनु खान गिद्ध र चिल घेरिएझैँ लाटीको बैंस सुघ्न र लुछ्न पितृसत्तात्मक समाजका सचेत पुरुषहरू संवेदनाहीन बनी मौका कुरिरहेका छन् । लाटीको गीत, बैंसमा र उसको मासुमा संवेदना खोज्नु 'म' पात्रभित्र शरीर भोग गर्ने इच्छा जागृत हुनु हो । यहाँ मासु भनेर लाटी युवतीको यौन अंगलाई सङ्केत गरिएको छ । लाटीको लाटोपनलाई आस्वादन गर्ने हेतुले 'म' पात्रलाई लाटीको शब्दहीन, अर्थहीन गीतले अलमलाएको छ । ठिटो मन्दिरतिर गएको र आफू मन्दिर विपरीत घरतर्फ फर्किएको सन्दर्भलाई हेर्दा ठिटो लाटीको शरीर भोग गर्न गएको र आफूले त्यो मौका गुमाउनु परेकोमा 'म' पात्रलाई इर्ष्याको भाव प्रकट भएको छ । त्यसैले कथाको 'म' पात्रलाई भोगवादी शरीर राजनीतिका कोणबाट विश्लेषण गरिएको छ । कथाको केन्द्रीय

पात्र 'म' पात्र अड्डामा काम गर्ने सचेत पुरुष पात्र हो । एउटी अचेत नारीप्रति सहानुभूतिको भावनाभन्दा पनि क्षणिक यौन तृष्णा मेटाउन हानथाप पुरुषहरूलाई समर्थन जनाएको भाव 'म' पात्रबाट यसरी अभिव्यक्त भएको छः

> ...रुवाइको अर्को तोड सुनिन्छ र हराउँछ । बाटाको पल्लो छेउमा गइरहेको ठिटाको अनुहार झलझली देख्छु, उसले लगाएको टेरिलिनको सुकिलो कमिज र रातो टाई । म अत्तालिएर भन्छु "अल्छी लाग्यो होला । ऊ छक्क परेर सोध्छे, "कस्तो अल्छी ?'' "तिमीलाई थाहा छैन ?" त्यो टुरिस्ट गाइड ठिटो, अठारवर्षे ताउ देखाउँछ, भर्खर मन्दिरतिर जान लागिरहेथ्यो ।" (पृ.१८२–१८३)

कथांशको प्रस्तुत भनाई 'म' पात्रको हो । एउटी लाटी युवतीप्रति पुरुषहरूले गरेका अमानवीय व्यवहारका कारण उसले देखाएकी अस्वभाविक प्रतिक्रियालाई यस कथाको मुख्य विषय बनाइएको छ । यहाँ रोईरहेकी लाटीको आवाज कहिले सुनिने र कहिले हराएको घटनालाई पुरुषद्वारा गरिएको चरम यौन दुर्व्यवहारको परिणामलाई लिन सकिन्छ । 'म' पात्रले आफू घरफर्कदा सुकिलो कमिज र रातो टाई लगाएर मन्दिरतर्फ जाँदै गरेको ठिटो त्यसै लाटीको लाटोपनको सिकार गर्न गएको र त्यसको प्रतिकार स्वरूप लाटी रुने गरेकी हुन सक्ने अनुमान गरेको छ । यस घटनाका आधारमा पुरुष आफू जति नै सचेत र सुकिलोमुकिलो भएता पनि सबै बिर्सिएर यौनावेगलाई नियन्त्रण गर्न नचाहेको र आफ्नो यौनइच्छा पूरा गर्न जस्तोसुकै फोहोरी, कुरूप र अचेत भए पनि नारी शरीरलाई भोग गर्न पछि नपर्ने देखिन्छ । यहाँ एक पुरुषले अर्को पुरुषलाई नारीको यौन शोषण गर्न प्रोत्साहन गरेको देखिन्छ । किन भने 'म' पात्रले ठिटो अल्छी लागेर लाटीसँग रमाइलो गर्न गएको हुन सक्ने अनुमान गर्दै ऊप्रति सहानुभूति प्रकट गरेको छ । यसरी एउटी अबोध नारीलाई उचित संरक्षण दिनुको सट्टा भोग विलासीको साधनको रूपमा वस्तुकरण गरिनु शरीर राजनीति हो । कथाको समाख्याता 'म' पात्र अड्डामा काम गर्ने कर्मचारी हो । घरबाट अफिस आउँदा जाँदा बाटोमा देखिएकी एउटी लाटीको आँशु, हाँसो उसको शरीरिक बनावटप्रति चासो राख्नु अर्थ उपयुक्त मौका छोपी लाटीलाई प्रयोग गरी आफ्नो यौन चाहाना मेट्न खोज्नु हो भन्ने आशय यसरी अभिव्यक्त हुन्छ :

> अहिले ऊ रोएकी छैन, अवश्य त्यो टुरिस्ट गाइडले फकायो होला । घिनलाग्दो मानिस ! जन्मजात ननुहाएकी लाटीसँग के भनेर । .... छिः ! पहेँलो दाँत, हरियो पल्टेको ओठ, सायद दाँत नमाझेर पायरिया लागेको होला कति गनाउँदो हो ! के छ र त्यस लाटीमा ? स्वास्नीमान्छे भनेर चिनाउने एउटा आकृति छ, ऊ कहाँ हो र स्वास्नीमान्छे ? उसको जीउबाट स्वास्नीमान्छेको मासुको बास्ना आउँछ ; बस त्यति हो । (पृ.१८३)

प्रस्तुत कथांशमा 'म' पात्र स्वयम् नारीपिपासु रहेको बुझिन्छ । साधारण मानिसका लागि लाटी रूनु र नरूनु चर्चाको विषय होइन । टुरिस्ट गाइडले लाटीलाई फकायो होला उसँग शारीरिक सम्बन्ध राख्यो होला भनी अनुमान् गर्नु 'म' 'पात्रको चिन्ताको विषय होइन । लाटी रुनु र नरुनुको घटनालाई यहाँ मानिसको संवेदनाहिन मानसिकतालाई देखाइएको छ । सर्वहारा नारीशरीरको उपभोग गर्न पल्किएका पुरुषहरूले नारीलाई डर, त्रास, धम्कि दिएर वा प्रलोभनमा पारी फकाइफुलाई भएपनि यौन शोषण गरेकै हुन्छन् भन्ने 'म' पात्रको मानसिकता यस अंशम प्रकट भएको छ । यहाँ अवला नारीप्रति

सम्मान र सहानुभूतिको भावभन्दा यौना शोषण गर्न सचेत पुरुषहरूको प्रतिस्पर्धा रहेको बुझिन्छ । ननुहाएकी, दाँत नमाझेकी, हरिया ओठ र गनाउने शरीरलाई मानवताको आँखाले हेर्न सके त्यो लाटीको उद्धार हुने थियो । यहाँ लाटीको गनाएको शरीरसँगै भएको यौनाङ्गको कारण ऊ पुरुषको क्षणिक यौनेच्छा पूर्ति गर्ने साधन बनेकी छ । त्यसैले यस कथांशमा भोगवादी पुरुष प्रवृति हावि भएको देखिन्छ । कथाको 'म' पात्र विवाहित पुरुष पात्र हो । घरमा उसकी श्रीमती छे । उसकी श्रीमती आफ्नो पतिलाई अति उच्च सम्मान गर्छे । घरमा भएकी श्रीमतीलाई उचित सम्मान दिन नसक्ने 'म' पात्र सडकमा बेवारिसे अवस्थाकी लाटी युवतीको बैंसमा कुदृष्टि लगाएको आशय यसरी व्यक्त हुन्छ :

> यो पनि स्वास्नीमान्छे हो, गन्ध मात्र होइन, सम्पूर्ण स्वस्नीमान्छे ! एकछिन फाँटबाट हसिनीको बासले मलाई आङ्तिर कुतकुत्याउँछ । म लाटीको ओठलाई फस्टाएर पाकेको ताजा किम्बुको लुर्काजस्तो देख्छु । मलाई लाटीप्रति तृष्ण जागेर आउँछ । म चिनिरहेछु लाटीलाई, तर मेरा चेतनाले मलाई ठग्छ एकैछिनमा म लाटीको छेउमै हुन्छु, उसको मुखैमा हुन्छु र ऊमाथि नै हुन्छु । म बेहोस छैन । (पृ.१८८)

प्रस्तुत कथांशमा 'म' पात्र स्वयम् विवाहित पुरुष हो । उसको घरमा श्रीमती छ यति हुँदाहुँदै पनि ऊ लामो समयदेखि लाटीको यौनपिपासू बनी आफूभित्र अचेतन मनमा विछिप्त रहेको यौनानन्द लिन मौका हेरिरहेको छ । लाटीको लाटो ठानिएको शरीरको वास्तविकता थाहा भए पनि उसको शरीरबाट निस्किएको दुर्गन्धलाई बिर्सिएर लाटीको शरीर उपभोग गरी यौन प्यास मेट्न ऊ लाटीको छेउमा गएको छ । आफ्नो इन्द्रियलाई वसमा राख्न नसकी कामुक नजरले हेरी उसको मुखमा आफ्नो मुख राखी उसको शरीरमाथि खेलवाड गरी अस्तित्व हरण गरेको छ र आफ्नो यौनतृष्णा पूरा गरेको छ । यिनै सन्दर्भका आधारमा 'म' पात्रको स्वभाव भोगवादी शरीर राजनीति रहेको पुष्टि हुन्छ ।

**पितृसत्ता**

लैङ्गिक अवधारणाअन्तर्गत पर्ने पितृसत्ता जन्मजात विशेषता होइन । सामाजिकीकरणको प्रक्रियामा आफूलाई विशेष स्थानमा स्थायित्व दिलाउन शिक्षा, स्वास्थ, धर्म, अर्थतन्त्र, यौनिकता आदि पक्षमा महिलामाथि गरिने नियन्त्रण, शोषण जस्ता परम्परागत भूमिका नै पितृसत्ता हो । परम्परागत पितृसत्तात्मक समाजमा महिलाहरूलाई वस्तुकरण गरी पुरुषभन्दा पछि पारिएको हुन्छ । सामाजिक भूमिकामा पनि महिलाहरूलाई घरपरिवारमा मात्र सीमित राखिन्छ । घरपरिवार र समाजमा कुनै महत्वपूर्ण निर्णय गर्ने एकलौटी अधिकार पुरुषलाई दिई महिलालाई अधीनस्थ बनाइएको हुन्छ । पितृसत्ताको प्रभुत्व रहेको यस कथामा प्रयुक्त पुरुष पात्रहरू ठिटा र बुढो मध्ये कसले बढी ठिटी घुमाउन र उनीहरूसँग रमाउन सक्छ भनी प्रतिस्पर्धा गरेको वास्तविकता यसरी अभिव्यक्त भएको छ:

> म अलिक पर पुगेर फर्कन्छु र त्यस ठिटोसँग सोध्छु, "भाइको प्रोग्राम कहाँ छ आज ?'' सधैँ हेरी यो सोधाइ अस्वभविक छ, तर ऊ बुझ्दैन र त्यसरी हाँस्दै भन्छ, "गोदावरी जानु छ दाइ, जर्मन ठिटीहरूलाई ।'' "ए .... !'' अब म स्वभाविक हुन्छु । सम्झन्छु कसले टुरिस्ट ठिटीहरू बढ्ता घुमाउँछ ? यसको काम धेरै सजिलो र रमाइलो पनि छ । आज यो दिनभरि ठिटीहरूको सङ्गतमा हुन्छ र राति ..... म झलक्क देख्छु गल्छेडोबाट फुत्त ऊ निस्केको र मन्दिरतर्फ गएको,

> ठीक यसको विपरीत म घर फर्किरहेको समय । मलाई उसको निन्दा गर्न अझ पुगेको छैन, घिनलाग्दो, पशुजस्तो, त्यस्तो स्वास्नी चाहिने मान्छेले बिहे गर्नुपर्छ छाती फुकाएर, तर के स्वास्नी चाहिनुको अर्थ बिहे गर्नु हो र ? ( १८३ - १८४)

प्रस्तुत कथांशको प्रमुख पुरुष 'म' पात्र अड्डामा काम गर्ने कर्मचारी हो । अड्डाबाट घर फर्कने सन्दर्भमा सडक छेउमा अस्तव्यस्त अवस्थामा रहेकी एउटी आजीवन ननुहाएकी, दाँत पहेँलो, हरिया ओठ र दाँतमा पायरिया लागेकी लाटी युवतीलाई देखेर उक्त पात्रमा जागृत भएको यौन कुण्ठाको प्यास मेटाउन नपाएसम्म ऊ वेचैन रहेको देखिन्छ । आफू घरफर्कदै गर्दा विपरीत दशातर्फ गइरहेको टुरिस्ट गाइड ठिटोले त्यस लाटीलाई उपभोग गरेको हुन सक्ने आशंका उसले गरेको छ । कहिले त्यस ठिटोले जर्मनी ठिटीहरू लिएर गोदावरी जानु छ दाइ भनी गरेको प्रतिउत्तरमा पनि 'म' पात्रलाई आफ्नो पेसाभन्दा त्यसै ठिटो गाइडको पेसा मन परेको छ । किन कि यौन प्यासी 'म' पात्रमा ठिटोले दिनभर टिठीहरूलाई घुमाउँछ र रातभर पनि तिनै ठिटीहरूसँगको सम्भोगमा रमाउन सक्ने मनासाय प्रकट भएको देखिन्छ । वास्तवमा त्यस ठिटोले 'म' पात्रले सोचे जस्तो नगर्न पनि सक्छ । घरमा श्रीमती छँदाछँदै अन्य नारीप्रति कुदृष्टि लगाउने 'म' पात्र यौनकुण्ठले ग्रसित पुरुष पात्र हो । लाटीप्रतिको अतृप्त यौन चाहनाले तड्पिएको उसले हरेक पुरुषलाई आफूजस्तै गलत सोचेको हुन सक्छ । विवाह गर्नुको एक मात्र कारण शारीरिक सम्बन्ध ठान्नु 'म' पात्रको सोचाई विषाक्त पुरुषत्व हो । यस कथांशमा 'म' पात्रको यौनमनोविज्ञान उच्चतग्रन्थीले सताइएको भाव व्यक्त भएको पाइन्छ । 'म' पात्रमा पुरुषले लाटीदेखि टाठीसम्म सबै महिलालाई छानीछानी उपभोग गर्न सक्ने पुरुष पुरुषार्थी हुन् भन्ने पित्तसतात्मक मानसिकता रहेको पाइन्छ । कथामा 'म' पात्रको मनस्थिति परम्परागत पितृसत्ताले जकडिएको छ भन्ने कुरा उसले आफ्नी श्रीमतीलाई गरेको व्यवहारबाट यसरी प्रस्ट हुन्छ :

> मेरी स्वास्नी मलाई भान्छा कुरेर बसेकी हुन्छ । ऊ मैले मन पराएर बिहे गरेकी स्वास्नी, मलाई पनि ऊ त्यत्तिकै माया गर्छे । म अबेर घर फर्कंदा उसलाई कहिल्यै गुनासो हुँदैन । सबैले यसलाई पनि लाटी भन्छन् रे ! ऊ छक्कापन्जा केही पनि जान्दिन । म कपडा उतारेर भान्छामा उक्लन्छु, ऊ खुसी हुन्छे, दिनभरीको निचोड खुसी । (पृ.१८२)

प्रस्तुत साक्षमा 'म' पात्रमा श्रीमतीले आफूलाई भान्छा कुरेर बसेकोमा गर्व बोध गरेको छ । आफू घर ढिलो आउँदा समयमै खाएर बस्ने संस्कार त्यहाँ नभएको र भान्छा कुर्न बाध्य पारे पनि वा स्वच्छाले श्रीमानका लागि अबेरसम्म भान्छा कुरे पनि यहाँ पुरुषलाई बढी महत्व दिइएको पाइयो । घरका सम्पूर्ण सदस्य बेलैमा घर आएको र समयमै तातो खान सबैलाई मन पर्छ तर यहाँ पुरुषको प्रभुत्व भएको परिवार र सोहीअनुरूपको समाज भएको कारणले म पात्रकी श्रीमती अबेरसम्म भान्छा कुरेकी हो । यहाँ पुरुषमा प्रभुत्वको स्वभाव रहेको कारण उसकी श्रीमती अधीनस्थ भई श्रीमानलाई खुसी पार्न आफू कष्ट सहेकी छ । यसरी लोग्नेका लागि श्रीमतीलाई भोको राखी उसको स्वास्थ्यमाथि बेवास्ता गर्ने खराब संस्कृति शरीर राजनीति हो । यदि 'म' पात्रकी श्रीमती उदीयमान स्वभावकी हुन्थी वा त्यहाँ पितृसत्ताको पक्ष बलियो हुँदैन थियो भने 'म' पात्रकी श्रीमतीले अबेरसम्म घर नआउने श्रीमानलाई खाना नखाई भान्छा कुरेर बस्दैन थिई । मैले मन पराएर बिहे गरेकी स्वास्नी भन्नु पनि पितृसत्ताको अहम् हो । बिबाह भनेको श्रीमान श्रीमतीको सहमतिमा हुने सम्बन्ध हो तर पितृसत्तात्मक समाजले महिललाई आफूले चाहे

जस्तो लोग्ने खोज्ने अधिकारबाट वञ्चित गराएको हुन्छ । यहाँ पनि श्रीमतीले भन्दा श्रीमानले मनपराएर बिहे गरेकी श्रीमती भएकोले ऊ अधीनस्थ नारी पात्र हो । 'म' पात्रमा प्रभुत्वशाली पितृसत्ताको घमण्ड रहेको पाइन्छ । यसरी पितृसत्तात्मक समाजमा नारी स्वतन्त्रताको कदर नगरिनु पनि शरीर राजनीति हो । दिइएको कथांशमा प्रस्तुत कथाको प्रस्तोता 'म' पात्र पितृसत्तात्मक समाजको प्रतिनिधि पात्र रहेको कुरा यसरी अभिव्यक्त भएको छः

> म आफू चोखो छु र चोखो बनेर निस्कन चाहन्छु । एकैछिमा म पायरियाको नमीठो गन्ध मेरै छेउबाट आएको पाउँछु , म मेरी स्वास्नीको ओठ हरियो देख्न थाल्छु । मलाई स्वास्नीसँग घृणा लागेर आउँछ । मलाई सबै स्वास्नीमान्छेसँग घृणा लागेर आउँछ । म चिनिरहेछु मेरी स्वास्नीलाई, तर मेरो चेतनाले मलाई ठग्छ । म स्वास्नीपट्टि ढाड फर्काएर सुत्छु । (पृ.१८३)

प्रस्तुत कथाको प्रस्तोता पुरुष पात्र हो । पुरुषप्रधान समाजमा पुरुषहरूले जति नै परस्त्रीगमन गरे पनि उनीहरू चोखो नै रहन्छन् । उनीहरूको गलत क्रियालाई समाजले ढाकछोप गरी संरक्षण गरेको हुन्छ । यहाँ 'म' पात्रले लाटी युवतीको अस्तित्वसँग खेलेर लाटीलाई जुठो पारेर आफू चोखो भएको अभिव्यक्ति दिएको छ । ऊ पायरियाको गन्धयुक्त त्यस लाटीको शरीर भोग गरी यौनतृष्णा तृप्त गरी उसलाई घृणा गर्दछ । लाटीको शरीरलाई वस्तुकरण गरेपछि 'म' पात्रले लाटी जस्तै अन्य स्वास्नीमान्छेलाई पनि कुदृष्टि लगाउँछ । उसले लाटीको फोहोर शरीरसँग आफ्नी घरकी श्रीमती र सम्पूर्ण स्वास्नीमान्छेलाई पनि तुलना गरेर लाटीको शरीरलाई जस्तै घृणा गर्दछ । पितृसत्तात्मक समाजमा पुरुषको वर्चस्व हुने भएकोले यहाँ 'म' पात्रमा पनि आफू पुरुष भएको अहमताको कारणले लाटी युवती, आफ्नी श्रीमती, सम्पूर्ण स्वास्नीमान्छे सबैलाई हेयको दृष्टिले हेरेको छ । यदि उसमा पितृसत्ताको घमण्ड हुँदैन थियो भने उसले सम्पूर्ण स्वास्नी मानिसलाई यौनिक दृष्टिले मात्र नभई मानवताको आँखाले हेरेर सम्मानजनक व्यवहार गर्न सक्थ्यो । अड्डामा काम गर्ने सचेत ठानिएको 'म' पात्रले स्वास्नीमान्छेप्रति अन्याय गरेर पनि पानीमाथिको ओभानो बन्न खोजेको हुनाले उसले पितृसत्ताको आडमा नारी शरीरमाथि राजनीति गरेको हो ।

## लैङ्गिकता

समाज पुरुष र महिलाको सांस्कृतिक पहिचानको प्रारम्भिक थलो हो । समाजमा संस्कृतिले नै लिङ्गको अध्ययन गर्दछ । समाजमा लिङ्गको आधारमा सामाजिक कार्य विभाजन भएको हुन्छ । साहित्यले समाजको अध्ययन गर्ने हुँदा साहित्यमा पनि लैङ्गिकताको अध्ययन गरिन्छ । समाजिक कार्य र भूमिकाका आधारमा नारीमाथि परिवार, समाज तथा राज्यबाट गरिने दमनकारी संरचनाको सुरुवात हुन गई पैतृक प्रभुत्वबाट नारीहरू उत्पीडित हुने संस्कृतिको विकास भएको हो । प्रस्तुत कथामा प्रयुक्त 'म' पात्र पुरुष हो । पितृसत्तात्मक समाजको उसले आफू पुरुष हुनुको गर्व बोध यसरी गरेको छः

> मेरी स्वास्नी मलाई भान्छा कुरेर बसेकी हुन्छ । ऊ मैले मन पराएर बिहे गरेकी स्वास्नी, मलाई पनि ऊ त्यत्तिकै माया गर्छे । म अबेर घर फर्कदा उसलाई कहिल्यै गुनासो हुँदैन, सबैले उसलाई पनि लाटी भन्छन् रे ! ऊ छक्कापन्जा केही पनि जान्दिन । म कपडा उतारेर भान्छामा उक्लन्छु, ऊ खुसी हुन्छे, दिनभरीको निचोड खुसी । (पृ.१८२)

प्रस्तुत कथआंशको 'म' पात्र अड्डामा काम विवाहित पुरुष पात्र हो । उसकी श्रीमती गृहिणी हो । ऊ भान्सामा भात पकाउने र अन्य घरायसी काम गर्छे । पितृसत्ताले गाँजिएको समाजमा विवाहको लागि पुरुषले मन पराए पुग्छ त्यहाँ महिलाको इच्छाको कुनै कदर हुँदैन । यस कथांशमा 'म' पात्रलाई पनि मैले मन पराएर ल्याएकी श्रीमती भन्ने ठुलो अहम् झल्किएको पाइन्छ । विवाह बन्धन जस्तो महत्वपूर्ण कार्यमा नारीले आफ्नो जीवन बिताउने लोग्ने आफूले चाहेअनुसार हुनु पर्छ भन्ने देखिएको छैन । पुरुषप्रधान समाजमा लोग्नेले मन पराएको श्रीमती हुनु भनेको नारीमाथि आफ्नो मनपरी शासन गर्ने अधिकारमा स्वतन्त्र हुनु हो भन्ने सङ्केत पाइन्छ । 'म' पात्र पुरुष भएकै कारण समाजले उसलाई घर फर्कने कुनै पनि समय तोकेको छैन ऊ जहाँबाट, जति बेला, जसरी पनि निर्बाधरूपमा घर छिर्न सक्छ तर पुरुषजस्तै नारी पनि घर ढिला आउँथी भने परिवर र समाजले ती नारीमाथि अनेकौँ शङ्का, उपशङ्का र लाञ्छना लगाउँथे । यहाँ 'म' पात्रकी श्रीमती लोग्ने जतिबेला आए पनि ऊ कुनै गुनासो गर्दिन किन कि ऊ सामाजिक सांस्कृतिक परम्पराको आडमा पुरुषप्रति अधीनस्थ बनी पुरुषको प्रभुत्वलाई सहस्र स्वीकार गर्न बाध्य छे । पुरुषको बिरुद्धमा बोल्नु असल नारीको गुण होइन भन्ने परम्परागत लैङ्गिक अवधारणाअनुसार ऊ चुपचाप रहेकी छ । उसको चुपचाप अन्यय सहने प्रवृतिलाई समाजले अझ बढी शक्तिको प्रयोग गर्न र दमन गर्न वर्चस्वशाली वर्गले लाटी नामाकरण गरिदिएको छ । जसको कारण ऊमाथि हैकम जमाउन र हेपिन सजिलो भएको छ । तसर्थ, यस कथामा 'म' पात्र विचार, व्यवहारको र उसकी श्रीमतीको सामाजिक भूमिकाको सुक्ष्म पठन गर्दा कथामा लैङ्गिकताको आधारमा शरीर राजनीति गरेको पाइयो ।

## निष्कर्ष

'तिउरीको फूल पायरियाको गन्ध'कथा पारिजातद्वारा लेखिएको विसङ्गतिपूर्ण कथा हो । यस कथामा एउटी अवला लाटी नारीमाथि वर्चस्वशाली पुरुषप्रधान समाजले गरेको यौन शोषण र पाश्वत व्यवहारलाई चित्रण गरिएको छ । नेपाली समाजमा सत्ता र शक्ति आडमा लाटी र 'म' पात्रकी श्रीमतीजस्ता कयौँ नारीहरू पुरुषको उपभोगको साधान बन्नु परेको प्रतिनिधि कथाको रूपमा यस कथालाई लिन सकिन्छ । पुरुष हितमा निर्माण भएको सामाजिक सांस्कृतिक सत्ताले नारीहरूमाथि अन्याय अत्याचार र दमन गरेको र नारीहरू समाजमा सचेत भनिएका पुरुषको भोग्य साधान बन्नु परेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । प्रभुत्वशाली पुरुष समाजले अधीनस्थ नारीमाथि गरेको राजनीतिलाई यस कथाले केलाएको छ । शक्ति र सत्ताको खोल ओढेर कमजोर वर्गमाथि वर्चस्व प्रदर्शन गर्ने परिपाटीको अन्त्य हुनु पर्छ भन्ने विद्रोही चेतना यस कथाको कथानकले अभिव्यक्त गरेको छ । पितृसत्ता र पुँजीवादी प्रभुत्वशाली वर्गले नारी जीवनलाई अस्तित्वहीन र कमजोर बनाउन खेलेको भूमिकालाई यस अध्ययनले शरीर राजनीतिसँग जोडेर विश्लेषण गरेको छ । नारीहरू पुरुषका यौन सन्तुष्टिका साधक र पुरुषको उपभोगका वस्तु रहेको मनासाय यस कथाको 'म' पात्रमार्फत अभिव्यक्त भएको आधारमा 'तिउरीको फूल पायरियाको गन्ध' कथालाई शरीर राजनीतिको दृष्टले विश्लेषण योग्य ठानिएको छ । नारी र पुरुषको सामाजिक सांस्कृतिक भूमिकाको आधारमा लैङ्गिकताको पक्षबाट र पुरुषको हैकमी प्रवृत्तिको आधारमा पितृसत्ताको पनि विश्लेषण गरिएको छ । यिनै विविध आयमबाट

विश्लेषण योग्य रहेको हुँदा 'तिउरीको फूल पायरियाको गन्ध' कथा शरीर राजनीतिको दृष्टिकोणले सौन्दर्यपूर्ण र उत्कृष्ट कथा हो ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, अम्बिका (२०७९). *नारीवाद र नारीस्रष्टका उपन्यास*. पैरवी बुक हाउस प्रा.लि ।

आचार्य, बाबुराम (२०८० ). तिउरीको फूल पायरियाको गन्ध कथामा अग्रभूमि निर्माण. *प्रज्ञा.* (अङ्क - २ / पूर्णङ्क - १२४ / २०७९ माघ - २०८० असार) पृ. १०९- ११८

एटम, नेत्र (२०७८). पहेँलो गुलाफ कथामा नारी शरीरमाथिको राजनीति. *वाङ्मय*, अङ्क १८ पृ. ५१ – ६० ।

खनाल, शारदा (२०८१). महारानी उपन्यासमा शरीर राजनीति. *प्रज्ञा.* ८ (१) पृ. ६९ - ८१

गतौला, सोमप्रसाद (सन् २०२२), घोराही शून्य किलोमिटर कथामा शरीर राजनीति. द *एजुकेटर जर्नल,* वर्ष ११ अंक १ पृ. ६१ – ६९ ।

गुरागाई, उमादेवी (२०८१). तिउरीको फूल पायरियाको गन्ध कथामा सीमान्तीयता. *के.एम.सी. नेपाली जर्नल,* भाग ५, अङ्क ५, पृ. १२-२०

गुरागाईँ, पुण्यप्रसाद. (२०८१). *पारिजातका कथामा प्रजाति पर्यावरण र क्षण*. दर्शनाचार्य. शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय ।

ढकाल, रजनी (२०७०). *सांस्कृतिक अध्ययनमा लैङ्गिकता*. भृकुटी एकेडेमिक पब्लिकेसन ।

पौड्याल, शालीग्रम (२०७९). छाउपडी उपन्यासमा लैङ्गिकता. *प्रज्ञा*, १२३, पृ. १८७ – १९७ ।

भट्टराई, रमेश (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*. भुँडीपुराण प्रकाशन ।

मरहट्टा, प्रभा (२०७९). नजन्मेका आस्थाहरू कवितासङ्ग्रहका कवितामा आमूल नारीवादी चेतना. *प्रज्ञा,* १२३, पृ. १८७ – १९७ ।

श्रेष्ठ, दयाराम (२०५७). *नेपाली कथा भाग ४*. साझा प्रकाशन ।

सापकोटा भगवती, (२०७६) *आदिम देश कथासङ्ग्रहका कथामा अस्तित्ववाद*. दर्शनाचार्य शोधपत्र त्रिभुवन विश्वविद्यालय ।

Focult, Michel (1975). *DISCIPLINE AND PUNISH*. Gallimard, Paris.